रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवांफाँट, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०७९/०८०

च.नं.:-१००

मितिः २०७९/०४/१८

**विषय : मौजुदा सूचिमा दर्ता गराउने सम्बन्धी सूचना ।**

यस कार्यालयको लागि आ.व. २०७९/०८० मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ (क) तथा रघुगंगा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १९ (संशोधन सहित) मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति,फर्म,संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले संस्था/फर्म दर्ताको प्रमाणपत्र, आ.व. २०७८/०७९ वा आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र तथा व्यवसाय नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी रघुगंगा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १९ बमोजिम अनुसूची ४ को ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन दिनुहुन जानकारी गराईन्छ ।

तपसिल :

**सम्पादन गर्नुपर्ने कामको विवरण :**

१. मसलन्द, छपाई तथा कार्यालय सामान आपूर्ति सम्बन्धी कार्य
२. फर्निचर तथा फर्निसिङ्ग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य,
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेशिन आदि) तथा इलेक्ट्रिकल सामान आपूर्ती तथा मर्मत सम्बन्धी कार्य,
४. सवारी साधन र सो का पार्टपूर्जा आपूर्ति तथा मर्मत र इन्धन आपूर्ति सम्बन्धी कार्य,
५. विज्ञापन सूचना प्रकाशन तथा प्रशारण र भिडियो डकुमेन्ट्री निर्माण सम्बन्धी सेवा,
६. सडक तथा भवन मर्मत सम्भार एवं निर्माण सम्बन्धी कार्य,
७. कुरियर सेवा,
८. प्रशासनिक विषयहरुसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा परामर्श सम्बन्धी सेवा,
९. विभिन्न विषयसँग सम्बन्धित सफ्टवेयर निर्माण तथा मर्मत सम्बन्धी सेवा,
१०. सूचना प्रविधि सम्बन्धी विभिन्न परामर्श सेवा,
११. पोशाक/सेनिटरी सामाग्री आपूर्ति सम्बन्धी कार्य,
१२. औषधि तथा औषधिजन्य सामाग्री आपूर्ति सम्बन्धी कार्य,
१३. रङरोगन, बगैंचा व्यवस्थापन तथा विरुवा आपूर्ति सम्बन्धी कार्य,

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत